# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित हुने
# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# को
# नियमावली

## परिच्छेद - १
## प्रारम्भिक

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम **"यूनिभर्सल पावर कम्पनी लिमिटेड"** हुनेछ र यसलाई अंग्रेजीमा **Universal Power Company Limited** भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं ११ मा रहनेछ । आवश्यक अनुसार सम्बन्धित निकायको स्वीकृत लिई नेपाल राज्य भरी जुनसुकै स्थानमा कम्पनीको शाखा, उपशाखा तथा सम्पर्क कार्यालय विस्तार गर्न सक्नेछ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले **"यूनिभर्सल पावर कम्पनी लिमिटेड"** सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

४. **कम्पनीको उद्देश्य :**

कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य :** यस कम्पनीको शेयरको अंकित मूल्य रु. १०० हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा :** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु** :

क. हाल साधारण शेयर मात्र जारी गरिएको छ ।

ख. खारे इन्भेष्टमेन्ट लिमिटेड विशेष अधिकार प्राप्त शेयरधनीको रुपमा रहेको छ ।

ग. शेयरधनी खारे इन्भेष्टमेन्ट लिमिटेडमा निम्न अधिकारहरु निहित रहेको छ । खारे इन्भेष्टमेन्ट लिमिटेडको एक्लैले ११% वा सो भन्दा बढी शेयर स्वामित्व रहेको अवस्थामा सञ्चालक समितिमा कम्तीमा १ जना सञ्चालक नियुक्त गर्न पाउने छ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने** : चाहिने ।

९. **अग्राधिकार शेयर :** यस कम्पनीमा अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन ।

१०. **संस्थापकले लिनु पर्ने शेयर** : कम्पनीको संस्थापक हुन १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : कम्पनीले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था** :

(१) कम्पनीको शेयर चल सम्पति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाण पत्र** : कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष वा कुनै एक सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुरा** : साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

**१५. आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था** : (१) कम्पनीको सञ्चालक समितिले निर्णय गरी आफ्नो शेयर आफै खरिद गर्न सक्ने छ ।

(२) कम्पनीले आफ्नो शेयर खरिद गर्दा कम्पनी ऐनको अधिनमा रही समितिले तोके बमोजिमको प्रतिशत सम्म शेयर खरिद गर्न सकिने छ ।

**१६. ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था** :

(१) कम्पनीले ऋण वा डिबेञ्चर उठाउन सक्ने छ ।

(२) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछैन ।

(३) उपनियम (२) बमोजिम डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछैन ।

(४) कम्पनीको डिबेञ्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ ।

(५) सञ्चालक समितिको पूर्व स्वीकृति लिई डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज गर्न सकिनेछ ।

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१७. शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरिक्षण** : शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरिक्षण गर्न चाहेमा कम्पनीले निरिक्षण गर्न दिनु पर्नेछ । तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरिक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद - ३
## साधारण सभा

**१८. कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था** :

(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोवार गर्न स्वीकृति पाएको मितिले १२ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा १५ दिनको म्याद दिइ पुन : साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा ७ दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

## १९. साधारण सभाको कार्यविधि :

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सत्सठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको सभाबाट कुनै प्रस्ताव पास गर्न सकिने भए सो कुरा खुलाउने ।

(१०) सभाका सम्बन्धमा थप कार्यविधि आवश्यक भए सो कुरा खुलाउने ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषय** : कम्पनी ऐनमा उल्लेख भएको विषय वाहेक साधारण सभामा पेश गर्नुपर्ने अन्य कुनै विषय भएमा सञ्चालक समितिले निर्णय गरी पेश गर्न सकिनेछ ।

२१. **विशेष प्रस्ताव** : कम्पनी ऐनमा उल्लेख भएका बिषयका सम्बन्धमा विशेष प्रस्ताव पेश गर्नु पर्ने देखिएमा सञ्चालक समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धि प्रावधान थप गर्न सकिनेछ ।

२२. **विशेष साधारण सभा** : ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपूरक संख्या** :

(क) बाँडफाँड भएको कूल संख्याको कम्तीमा ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।

(ख) नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा २ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्ने छैन ।

(ग) दफा २३ (ख) बमोजिम पुन बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी साधारण सभा नभएमा कम्पनीले ७ दिनको सूचना दिई पुन साधारण सभा बोलाउन सक्नेछ र यसरी बोलाइएको साधारण सभामा कुल शेयर संख्याको कम्तीमा २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी १ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाँधा पर्ने छैन ।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था** :

(१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि नियुक्ति गर्दा कम्पनीको शेयरधनीलाई नै नियुक्त गर्नुपर्ने छ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउने छ ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम् शेयर हिस्साको मतदान सिमा भन्दा बढी हुने छैन ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

**२५. <u>मतदान</u>** :

(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएको शेयर हाल जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर पनि हाल जारी गरिएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।

(५) सञ्चालक निर्वाचन गर्दा व्यवसायीक विशेषज्ञ स्वतन्त्र सञ्चालकको हकमा सञ्चालक समितिद्वारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयमा मतदान प्रक्रियाद्वारा गरिने छ ।

**२६. <u>साधारण सभाको निर्णय विवरणको अभिलेख</u>** :

(१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरिक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरिक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ४

## सञ्चालक समिति

२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल** :

(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन संस्थापक समूह र सर्वसाधारण समूहका शेयरधनीहरुले आ-आफ्नो समूहबाट उपदफा २ बमोजिम सञ्चालक नियुक्त वा निर्वाचन गर्नेछन् । तर, स्वतन्त्र सञ्चालकको नियुक्ति प्रचलित ऐन बमोजिम सञ्चालक समितिबाट हुनेछ ।

(२) यस कम्पनीमा कम्तीमा एक जना महिला सहित सात जनाको सञ्चालक समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ ।

(क) समुह “क” बाट ४ जना

(ख) समुह “ख” बाट ३ जना

(३) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(७) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ

१. श्री विनय कुमार भण्डारी

२. श्री ध्रुव राज मिश्र

३. श्री कृष्ण रेग्मी

४. श्री पुष्पेन्द्र भट्टराई

२८. **सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या** : यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. **शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :**
स्वतन्त्र सञ्चालक नियुक्ति प्रचलित ऐनबमोजिम सञ्चालक समितिले गर्ने छ ।

३०. **सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने** : एक पटक सञ्चालक भैसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्ने छ ।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने** :
खारे इन्भेष्टमेन्ट लिमिटेडको एक्लैले ११% वा सो भन्दा बढी शेयर स्वामित्व रहेको अवस्थामा सञ्चालक समितिमा कम्तीमा १ जना सञ्चालक नियुक्त गर्न पाउने छ ।

३२. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** :

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३३. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरु** : ऐनमा उल्लेख भएका अधिकार र कर्तव्य बाहेक ऐनको अधीनमा रही सञ्चालक समितिको कुनै विशेष अधिकार र कर्तव्यको हाललाई व्यवस्था गरिएको छैन ।

३४. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था** : सञ्चालक समितिले आफ्नो अधिकार अन्य कुनै सञ्चालक वा समिति वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था** :

(१) सञ्चालकहरु मध्येबाट १ जनालाई प्रबन्ध सञ्चालक पदमा नियुक्त गर्न सक्नेछन ।

(२) प्रबन्ध सञ्चालकको काम, कर्तव्य तथा अधिकार सञ्चालक समितिले तोके बमोजिम हुनेछ । र नियम ३६ बमोजिमको प्रमुख कार्यकारी अधिकृत नियुक्त नभएको अवस्थामा प्रबन्ध सञ्चालकले प्रमुख कार्यकारी अधिकृतको समेत कार्य सम्पादन गर्न सकिनेछ ।

(३) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा नियम ३२ बमोजिम हुनेछ ।

(४)दफा ७ (ग) बमोजिमको अवस्थामा खारे इन्भेष्टमेन्ट लिमिटेडका प्रतिनिधि नै सञ्चालक समितिमा प्रबन्ध सञ्चालक हुनेछन् ।

**३६. <u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था</u>** :

(१) कम्पनीले आवश्यकता अनुसार कम्पनी ऐन बमोजिम १ जना प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्न सकिने छ ।

(२) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासक हुनेछ । र निजको योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि बढिमा ४ (चार) बर्षको हुनेछ । र निजको पुनः नियुक्ति हुन सक्ने छ ।

(४)प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सेवाका अन्य शर्तहरु सञ्चालक समितिले करारद्वारा निश्चित गरिनेछ ।

**३७. <u>सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने</u>** : सञ्चालक समितिको वैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउने छ । र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्ने छ ।

**३८. <u>सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि</u>** :

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैंठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालक समितिको बैंठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको कूल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

**३९. <u>सञ्चालक समितिको निर्णयको अभिलेख</u>** :

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरवदल गर्न नपाउने प्रयाप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरिक्षण गर्न सक्नेछ ।

## परिच्छेद - ५
## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण** :

(१) कम्पनीको लेखा तथा हिसावकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार  गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताब लेखापरीक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अध्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरिक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरिक्षण गर्न दिनुपर्छ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : कम्पनीले ऐन अनुसार लेखापरीक्षण समिति राख्नु पर्ने अवस्था भएमा सञ्चालक समितिले गठन गरी काम, कर्तव्य र अधिकार तोक्न सकिने छ ।

## परिच्छेद - ६
## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्था** :

(१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनको अधिनमा रही कम्पनीले अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

**४३. शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना :**
कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनी, सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्ने छ।

**४४. कम्पनी सचिव :**

(१) कम्पनी ऐनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई सञ्चालक समितिले कम्पनीको कम्पनी सचिवको पदमा नियुक्त गर्न सक्ने छ।

(२) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार कम्पनी ऐनमा उल्लेख गरे बमोजिम हुनेछ।

**४५. कम्पनीको छाप :**

(१) कम्पनीको छाप कम्पनीको अध्यक्षको मातहतमा रहने छ। जस्को प्रयोग कम्पनीको कारोबारको प्रयोजनाको लागि गरिने छ। निजले कम्पनीका अन्य सञ्चालक/कर्मचारी समेतलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्ने छ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गरिने छ।

**४६. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु ५०/- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ।

(२) साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु २५/- दस्तुर लाग्नेछ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ।

(४) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु १०/- दस्तुर लाग्नेछ।

(५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता कितावको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु १०/- दस्तुर लाग्नेछ।

**४७. कम्पनी गाभिने कुरा :**

(१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कम्पनी अर्को कम्पनीसंग गाभिँदा, शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा कम्पनी ऐनको अधिनमा रही कुनै विशेष व्यवस्था गर्न सकिने छ ।

**४८. कम्पनीको खारेजी :**

(१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

**४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने :** छैन ।

**५०. अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कवुल गरेको शेयरको अधिकत्तम रकम सम्म मात्र सिमित रहनेछ ।

(३) कम्पनी ऐन २०६३ को दफा १३ तथा यस नियमावली बमोजिम यूनिभर्सल पावर कम्पनी प्रा.लि. यूनिभर्सल पावर कम्पनी लि. मा परिणत भएपछि सो प्रा.लि.का हक अधिकार, दायित्व तथा यस कम्पनीको नामबाट सि.ई.डि.बि. हाईड्रो फण्ड लि. संग भए गरेका सम्झौता समझदारी एवं काम कारवाहीहरु यस नियमावली बमोजिम परिवर्तित यूनिभर्सल पावर कम्पनी लि. मा स्वतः सर्नेछ ।

(४) (क) कम्पनीले तल्लो खारे खोला जलविद्युत आयोजनाको व्यवसायिक उत्पादन भइसकेपछि ऋण अवधि भरिको लागि खारे इन्भेष्टमेन्ट लिमिटेडबाट जोखिम व्यवस्थापन, आयोजना सञ्चालन तथा अन्य आवश्यक कार्यको लागि परामर्श सेवा लिने छ र उक्त परामर्श सेवाको लागि प्रति महिना रु. ५,००,०००/- (पाँच लाख) का दरले परामर्श शुल्क खारे इन्भेष्टमेन्ट लिमिटेडलाई

दिने छ । ऋण चुक्ता भए पछि आयोजनाको उत्पादन अनुमतिपत्रको अवधि भरिको लागि खारे इन्भेष्टमेन्ट लिमिटेडबाट सञ्चालन तथा अन्य आवश्यक परामर्श सेवा लिने छ र उक्त परामर्श सेवाको लागि प्रति महिना रु. ३,००,०००/- (तीन लाख) तल्लो खारे खोला जलविद्युत आयोजनाले खारे इन्भेष्टमेन्ट लिमिटेडलाई दिने छ ।

(ख) उपदफा ५०.४ (क) बमोजिमको प्रावधान यूनिभर्सल पावर कम्पनी लिमिटेडले खारेज गर्न चाहेको अवस्थामा खारे इन्भेष्टमेन्ट लिमिटेडलाई वार्षिक रु. २०,००,०००/- (बीस लाख) को दरले विद्युत उत्पादन अनुमती पत्रको बाँकी अवधिका लागि एकमुष्ठ भुक्तानी गर्नु पर्नेछ ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था** : यस नियमावलीमा कम्पनीले कुनै संशोधन गनुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख गराए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाँझिएको हदसम्म अमान्य हुने** : यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसंग बाँझिएमा बाँझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषण** : हामी **"यूनिभर्सल पावर कम्पनी लिमिटेड"** का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहीछाप गरेका छौं ।

| **संस्थापकको नाम, ठेगाना र सहीक्षाप** | **बाबु/पति को नाम** | **न.प्र.नं जिल्ला** | **लिन कबुल गरेको शेयर संख्या** | **साक्षीको नाम, थर, ठेगाना र सहिछाप** | **साक्षीको ना.प्र.नं. जिल्ला** |
|---|---|---|---|---|---|
| द.<br><br>नाम :- सि.ई.डि.बि. हाईड्रो फण्ड लिमिटेड<br>ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, ब्लु स्टार कम्प्लेक्स त्रिपुरेश्वर<br><br>दा. बा. | | लि.नं. ११९१/०६६/०६७ काठमाण्डौ | ४७५,००० | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br><br>नाम :- पुष्पेन्द्र भट्टराई<br>ठेगाना :- विराटनगर उ.म.न.पा. वडा नं ६<br><br>दा. बा. | सनक सिंह भट्टराई | ३९७ मोरङ्ग | १५२,१६५ | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |
| द.<br><br>नाम :- प्रतिभा पाण्डे<br>ठेगाना :- काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३<br><br>दा. बा. | यादव विलास पाण्डे | ९२७५/३५०९ काठमाण्डौ | ३५,१९७ | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |
| द.<br><br>नाम :- छिरिङ डोमा शेर्पा<br>ठेगाना :- चंखु-६, दोलखा<br><br>दा. बा. | पल्दे शेर्पा | ३४७२/३०५ दोलखा | १६,००० | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |

मस्यौदाकार :
दस्तखत :
नाम : सुरेश चन्द्र खरेल
पदं. : कम्पनी सचिव
मिति :

# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित हुने
# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# को
# प्रबन्धपत्र

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम **यूनिभर्सल पावर कम्पनी लिमिटेड** हुनेछ र यसलाई अंग्रेजीमा **Universal Power Company Limited** भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं. ११ मा रहने छ । आवश्यक अनुसार सम्बन्धित निकायको स्वीकृति लिई नेपाल राज्य भरि कम्पनीको शाखा, उपशाखा तथा सम्पर्क कार्यालय विस्तार गर्न सक्नेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : (१) कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादनमूलक, व्यापारमूलक, सेवामूलक प्रकृतिको हुनेछ ।

४. **कम्पनीको उद्देश्य** : यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) **विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने :-** विद्युतसँग सम्बन्धित आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसँग अनुमति लिई पूर्व सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन (EIA), Detail Project Report (DPR) समेत गरी विद्युत खरिद सम्झौता सम्मको सेवा दिने ।

(ख) **विद्युत आयोजनाहरु तथा प्रसारण लाइन निर्माण, संचालन तथा हस्तान्तरण गर्ने (BOT) :-** नेपाल सरकारसँग अनुमति प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरिदकर्तासँग विद्युत खरिद सम्झौता (PPA) गरी उत्पादित विद्युत बिक्री गर्ने ।

(ग) **विद्युत गृह लिजमा लिने वा खरिद गरी संचालन गर्ने :-** हाल संचालनमा रहेका साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई संचालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

(घ) **विद्युत गृहको संचालन सम्भार तथा परामर्श सेवा दिने :-** संचालनमा रहेका नेपाल सरकार वा निजी क्षेत्रका विद्युत गृहहरुको संचालन तथा सम्भारमा आवश्यक प्राविधिक, व्यवस्थापन तथा परामर्श सेवा दिने ।

(ङ) **विद्युत खरिद वा बिक्री व्यवसाय गर्ने :-** विद्युत उत्पादन कर्तासँग विद्युत खरिद गरी विद्युत खपतकर्ताहरुलाई विद्युत बिक्री वितरण गर्ने ।

(च) **मेशिन उपकरणहरु बिक्री वितरण गर्ने :-** विद्युत उत्पादन केन्द्र तथा सवस्टेशनहरुलाई आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गरी बिक्री वितरण गर्ने ।

(छ) विद्युत उत्पादन सम्बन्धि प्रविधि हस्तान्तरणको निमित्त अनुभवि एवं ख्याति प्राप्त अन्तर्राष्ट्रिय कम्पनीसँग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयमा सम्झौता गर्ने, विचारको आदान प्रदान गर्ने, सभा सेमिनारहरुको आयोजना गर्ने, तालिम प्रशिक्षण संचालन गर्ने तथा देशमा विदूत शक्तिको विकास गर्नको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने, आवश्यक परे यसका लागि स्वदेशी जनशक्तिलाई विदेशमा तालिम पठाउने ।

(ज) विद्युत उत्पादनमा संलग्न हुन चाहने विदेशी कम्पनीहरुसँग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।

(झ) यस कम्पनीले अन्य जलविद्युत आयोजना तथा कम्पनीको धितोपत्रमा लगानी गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. <u>**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**</u> : यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खाल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

**(च) <u>अन्य आवश्यक काम कुराहरु :</u>**

१. यस कम्पनीलाई प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा दिन सक्ने व्यक्ति फर्म कम्पनी/संस्थासँग सम्झौता गर्ने, तिनीहरुलाई यस कम्पनीको शेयर बिक्री गर्ने वा तिनीहरुको शेयर खरिद गर्ने,

२. स्विकृति लिनुपर्ने विषयमा स्विकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय व्यक्ति/फर्म/कम्पनी/संस्थासँग कम्पनीका हीतका लागि आवश्यक आर्थिक, प्राविधिक, बजार व्यवस्थापन लगायत विभिन्न कुराहरुमा सम्झौता गर्ने,

३. कम्पनीलाई आवश्यक पर्ने प्राविधिक/आर्थिक/कानूनी लगायतका सल्लाहकार नियक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने,

४. कम्पनीलाई आवश्यकता अनुसार चल अचल सम्पत्ति खरिद गर्ने, धितो राख्ने, भाडामा दिने, सट्टापट्टा वा बिक्री वितरण गर्ने,

५. कम्पनीको सम्पत्ति सुरक्षार्थ विमा गर्ने, कम्पनीको कारोवारका सम्बन्धमा विज्ञापन, वुलेटिन, आदिको प्रकाशन गर्ने,

६. **<u>कम्पनीको पूँजीको संरचना :</u>** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) यस कम्पनीको अधिकृत पूँजी रु. २,२०,००,००,००० (दुई अर्ब बीस करोड) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २,२०,००,००० (दुई करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) यस कम्पनीको जारी पूँजी रु. २,१०,०३,५०,००० (अक्षेरुपी दुई अर्ब दश करोड तीन लाख पचास हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २,१०,०३,५०० (दुई करोड दश लाख तीन हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ५४ प्रतिशत हुनेछ । सर्वसाधारण शेयरधनीहरुलाई समूह "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ४६ प्रतिशत हुनेछ । सर्वसाधारण शेयरधनीलाई दिइने शेयर मध्ये प्रचलित ऐन नियम बमोजिम बढिमा ५ प्रतिशत सम्म शेयर यस कम्पनीका कर्मचारीहरुलाई निष्काशन गर्न सकिनेछ ।

७. **<u>कम्पनीको शेयरको किसिम</u> :** कम्पनीले हाल साधारण शेयर मात्र जारी गरेको छ ।

८. **<u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा</u> :**

१. शेयर खरिद वा हस्तान्तरण गर्न वा धितो बन्धक राख्न संचालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति विना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

२. कम्पनीको शेयर चल सम्पत्ति सरह मानिएको छ । कुनै शेयरवालाको आफ्नो शेयर अरु कुनै पनि व्यक्तिलाई धितो बन्धक बिक्री तथा हक हस्तान्तरण गर्न सक्नेछ । यसरी कुनै शेयरवालाको शेयर कुनै व्यक्तिलाई धितो बन्धक वा हक हस्तान्तरण गर्नु अघि कम्पनीको संचालक समितिका पूर्व स्वीकृति लिई गर्नु पर्नेछ ।

९. **<u>शेयर वापतको रकमको भुक्तानी</u>** :

१. कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

२. शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

३. शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **<u>दायित्व सीमित हुने</u>** : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **<u>अन्य आवश्यक कुराहरु</u>** :

१. कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

२. संस्थापक वा अन्य कुनै व्यक्तिले नगद रुपैयाँ वाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्ने वा शेयरमा हक पाउने कुरा :- कम्पनीले जिन्सी सामानलाई पनि शेयर वापतको रकम मान्न सक्नेछ ।

३. कम्पनीको कारोवार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने कुरा : कम्पनी संचालन गर्न संचालकहरुबाट शेयर वापत नगद रकम लिइनेछ ।

४. संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट विशेष सहुलिएत वा अधिकार पाउने कुरा : सो सम्बन्धि हाल व्यवस्था गरिएको छैन ।

५. कम्पनीको शेयर चल सम्पत्ति सरह मानिनेछ । कम्पनी दर्ता भएको एक बर्षभित्र बार्षिक साधारण सभा भएपछि शेयर बिक्री तथा हक हस्तान्तरण गर्न सकिनेछ । कम्पनीको शेयर संचालक समितिको नियन्त्रणमा रहनेछ ।

६. माग रकम चुक्ता नभएसम्म शेयर बिक्री गर्न सकिने छैन ।

७. कम्पनी ऐन, २०६३ को दफा २१ अनुसार साधारण सभा वा विशेष साधारण सभाले विशेष वा सामान्य प्रस्ताव पारित गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न सक्नेछ ।

८. अन्य आवश्यक कुराहरु साधारण सभाले समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।

९. कम्पनी ऐन २०६३ को दफा १३ तथा यस प्रबन्धपत्र बमोजिम यूनिभर्सल पावर कम्पनी प्रा.लि., यूनिभर्सल पावर कम्पनी लि. मा परिणत भएपछि सो प्रा.लि. का हक अधिकार, दायित्व तथा यस कम्पनीको नामबाट सि.ई.डि.बि. हाईड्रो फण्ड लिमिटेड सँग भए गरेका सम्झौता समझदारी एवं काम कारवाहीहरु यस प्रबन्धपत्र बमोजिम परिवर्तित यूनिभर्सल पावर कम्पनी लिमिटेड मा स्वतः सर्नेछ ।

**१२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** छैन ।

**१३. प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था** : यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभा बाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा जानकारी गराएपछि प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

**१४. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने** : यस प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

**१५. संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी “यूनिभर्सल पावर कम्पनी लिमिटेड” का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीक्षाप | बाबु/पति को नाम | न.प्र.नं जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको ना.प्र.नं. जिल्ला |
|---|---|---|---|---|---|
| द.<br><br>नाम :- सि.ई.डि.बि. हाईड्रो फण्ड लिमिटेड<br>ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, ब्लु स्टार कम्प्लेक्स त्रिपुरेश्वर<br><br>दा. बा. | | लि.नं. ११९१/०६६/०६७ काठमाण्डौ | ४७५,००० | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |
| द.<br><br>नाम :- पुष्पेन्द्र भट्टराई<br>ठेगाना :- विराटनगर उ.म.न.पा. वडा नं ६<br><br>दा. बा. | सनक सिंह भट्टराई | ३९७ मोरङ्ग | १५२,१६५ | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |
| द.<br><br>नाम :- प्रतिभा पाण्डे<br>ठेगाना :- काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३<br><br>दा. बा. | यादव विलास पाण्डे | ९२७५/३५०९ काठमाण्डौ | ३५,१९७ | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br>दा. बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br><br>नाम :- छिरिङ डोमा शेर्पा<br>ठेगाना :- चंखु-६, दोलखा<br><br><br><br>दा. बा. | पल्दे शेर्पा | ३४७२/३०<br>५ दोलखा | १६,००० | द.<br><br>नाम :<br><br>ठेगाना :<br><br><br>दा. बा. | |

**मस्यौदाकार :**

**दस्तखत :**

**नाम : सुरेश चन्द्र खरेल**

**पद : कम्पनी सचिव**

**मिति :**